**रास्कोट नगरपालिका**

**स्थानीय राजपत्र**

**रास्कोट नगरपालिकाद्धारा प्रकाशित**

## खण्ड ६, संख्या ६, स्थानीय राजपत्र, मितिः२०७९/०६/०३

### मेयर हेल्थ केयर कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९
### (घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम)

**प्रस्तावनाः**

नगरपालिको तथ्य तथा सन्तुलनमा आधारित आर्थिक सामाजिक तथा पुर्वाधार बिकासमा जनताको प्रतिनिधीको रुपमा निर्वाचित नगर प्रमुख तथा उप प्रमुखबाट जनता प्रतिको दायित्व वोध गर्ने उद्देश्यले रास्कोट नगरपालिका को समग्र भुगोललाई समेटेर जनताको घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरी लक्षित समुहलाई स्वास्थ्यको पहुँचमा ल्याउने प्रयोजनका लागी यो मेयर हेल्थ केयर कार्यक्रम संचालन गर्ने प्रयोजनका लागी कार्यविधि तर्जुमा गर्न वाञ्छिनीय भएकाले रास्कोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन र स्थानीय सरकार संञ्चालन ऐन २०७४ दफा ११ (झ) मा उल्लेखित कार्यक्रम कार्यन्वयन गर्ने रास्कोट नगरपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम रास्कोट नगरपालिको  मेयर हेल्थ केयर कार्यक्रम(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम) संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ रहको छ ।

(ख)  यो कार्यविधि रास्कोट नगरपालिका  नगर कार्यपालीका बाट पारित भय भएपछी तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क)  **"कार्यविधि"** भन्नाले रास्कोट नगरपालिकाको  मेयर हेल्थ केयर कार्यक्रम(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम)  संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ सम्झनु पर्दछ ।

(ख) "**कार्यक्रम**" भन्नाले **"रास्कोट नगरपालिकाको जनतासंग मेयर(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम) कार्यक्रम"**      सम्झनु पर्दछ ।

(ग) **:प्रमुख**" भन्नाले रास्कोट नगरपालिकाको नगर प्रमुख(मेयर) सम्झनु पर्दछ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रास्कोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) **"समिति"** भन्नाले रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर कार्यक्रम व्यवस्थापन(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम) तथा सन्चालन समिति सम्झनु पर्दछ ।

# परिच्छेद २
## व्यवस्थापन तथा सञ्चालन  समिति सम्बन्धी व्यवस्था

**३**.रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम) कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन छनौट संचालन समितिः

(३.१) कार्यक्रमको छनौट गर्न मूल्याकन तथा समिक्षा लगायतका कार्य गर्न देहाय बमोजिमको ब्यवस्थापन तथा सन्चालन समिति रहने छ ।

| | |
|---|---|
| १.नगर प्रमुख | अध्यक्ष |
| २.प्रमुखले तोकेका दुई जना कार्यपालिका सदस्य एक महीला एक पुरुष | सदस्य |
| ३सामाजिक बिकाष समितको संयोजक | सदस्य |
| ४.प्रमुख प्रशासकीय अधकृत | सदस्य सचिब |

(२). समितिले आवश्कतानुसार बैठकमा बिषय बिज्ञलाई आमत्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थिति भएमा गणपुरक संख्या पुरा भएको मानिने छ ।
(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।
(५) समितिको बैठक सम्बन्धित कार्यविधि आफै निधारण गर्न सक्नेछ ।
(६) रास्कोट नगरपालिका मेयर हेल्थ केयर(घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम) कार्यक्रमसंग सम्बन्धित बिषयको छनौट यस समितिको बहुमत बाट हुनेछ ।
(७) बैठकमा सहभागी लाई आवश्यक खाजा तथा यातायत खर्च उपलब्ध गराईने छ ।

(३.२). **समितिको काम कर्तब्य र अधिकार**

१.कर्मचारी परिचालन गर्ने ।
२.आर्थिक ब्यवस्थापन तथा स्रोत समाग्री जुटाउन सहयोग गर्ने ।
३.कार्यक्रम छनौट तथा संस्थाको छनौट गर्ने ।
४.लक्षित समुहको जनसख्या एकिन गर्ने ।
५. मानबिय तथा भौतिक स्रोत तथा साधनको ब्यवस्थापन गर्ने ।
६. कार्यक्रम सञ्चलान तथा ब्यवस्थापनको लागी आवश्यक आर्थिक ब्यवस्थापन गर्ने ।
७.कार्यक्रम सञ्चालनको लागि आवश्यक भत्ता ,यातायत  खर्च र खाजाको ब्यवस्थापन गरिने छ ।
८. मेयर हेल्थ केयर कार्यक्रमको सञ्चालन तथा ब्यवस्थापन समितिले तोकेअनुसारको ब्यवस्थापन खर्च उपलब्ध गराईने छ ।

# परिच्छेद ३

# अध्ययनका विषय सम्बन्धी ब्याबस्था

**४.रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर कार्यक्रम (घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम)कार्यक्रम सम्बन्धि बिषयः**

१.जेष्ठ नागरिकलाई घरदैलोमा नै गएर स्वास्थ्य सेवा प्रदान गरिने छ ।
२.आर्थिक बिकास संग सम्बन्धित हुनु पर्नेछ ।
३.स्वास्थ्यसंग सम्बन्धित  हुनु पर्नेछ ।
४.सामाजिक क्षेत्रसंग सम्बन्धित हुनु प्रर्नेछ
५.समितिले उपयुक्त ठानेमा अन्य बिषयहरु पनि समावेश गरिने छ।

**५.कार्यक्रममा प्राथमिकताका बिषयः**

(१) देहायका बिषयलाई कार्यक्रममा छनोटमा प्राथमिकता प्रदान गरिने छ ।

(क) घरदैलोमा  स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।
(ख) गर्भवती सुत्केरी तथा बालबालिकालाई सेवा प्रवाहकालागि एस.एम.एस सुचना प्रणालीको(SMS ALART SOFTWARE)निर्माणगरी सुचना प्रदान गरिने छ ।
(ग) गर्भवतीलाई RURAL USG(ग्रामीण अल्ट्रासाउण्ड) सेवा प्रदान गरिनेछ ।
(घ) जेष्ठ नागरीकलाई OXYZENE र NEBULIZER तथा अन्य प्राथमिक उपचार सेवा प्रदान  गरिने छ।
(ङ) बिपद व्यवस्थापन तथा जलवायु परिवर्तन, कोभिड-१९ वाट सिकिएका पाठहरु जलवायु परिवर्तनबाट हुने प्रतिकुल असहरु घटाउने ।
(छ) स्वास्थ्य जिबन र खुशीको मापन ।
(च) वातावरण दिगो बिकास प्रदुषण व्यवस्थापन ।
(ज) फोहरमैला ब्याबस्थापन ।

(झ) मेयर हेल्थ केयर कार्यक्रम संचालन गर्दा सम्पुर्ण कार्यक्रमको अलग-अलग माग, खरिद तथा जिन्सी खाता(stock book) मा दाखिला गरि राख्ने व्यवस्था गरिने छ ।

(ञ) मेयर हेल्थ केयर कार्क्रमको रकम भुक्तानि लिदा मेयर हेल्थ केयर फोकल प्रसनले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन अनुसार मालसमानको दाखिला गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी रकम भुक्तानि लिन सकिने छ ।

(२) मेयर हेल्थ केयर (घरदैलोमा स्वास्थ्य सेवा प्रदान कार्यक्रम)कार्यक्रममा बिनियोजित बजेट कार्यपालिकाबाट निर्णय गरी देहायको बिषयमा आर्थिक साहायता तथा(खर्च) उपलब्ध गराउन सकिने छ ।

१.औषधि तथा उपकर्ण खरिद गर्दा रु.१००००० ।- (रु एक लाख ) भन्दा बढीको औषधि खरिद गर्दा अनिवार्य रुपमा कोटेसन गर्नु पर्ने छ भने एकलाख भन्दा तलको औषधि खरिद गर्दा मेयर हेल्थ केयर फोकल प्रसनले प्रमुख प्रशासकीय अधिकृतको सुझाव अनुसार आवश्यक औषधि खरिद गर्न सक्नेछ ।

२.औषधि तथा उपकरण ढुवानि गर्न ।

३ गर्भवती तथा बालबालिकालाई सेवा प्रवाहका लागि एस.एम.एसमा आधारित(SMS ALART SOFTWARE) निर्माण,नविकरणण तथा संचालन गर्न ।

४.कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न ।

५.यातायत तथा संचार खर्च व्यवस्थापन गर्न ।

६.कार्यक्रम संचालन भएको दिनमा मेयर हेल्थ केयर कार्यक्रमका फोकल पर्सन र स्वास्थ्य शाखा प्रमुख लाई संचार खर्च स्वरुप रु.५०० (रु पाँच सय मात्र) व्यवस्थापन तथा संचालन खर्च उपलब्ध गराईने छ ।

७. जेष्ठ नागरिक लाई जडिबुटी युक्त रसायन आयुर्वेद औषधिबाट पनि उपचार गरिने छ ।

८.पशु तथा कृषिका बिषयलाई पनि समेटिने छ ।

९.नेपाल सरकार तथा स्थानीय सरकारको नियम अनुसार कार्यक्रम संचालन र व्यवस्थापन गरे वाफत खाजा ,यातायत खर्च र भत्ता उपलब्ध गराईने छ ।

१०.मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन भएको दिनमा सहभागीलाइ रु.२५० सम्मको खाजा नास्ताको व्यवस्थापन गरिने छ ।

११.मेयर हेल्थ केयर कार्यक्रमको ब्यानर तथा पोष्टर खरिद गर्न ।

१२. मेयर हेल्थ कार्यक्रमको सूचना प्रवाहको लागी रेडियो, टेलिभिजन, पत्रपत्रिकामा सुचना प्रवाह गरेबाफत कार्यपालिका निर्णय अनुसारको रकम उपलब्ध गराईने छ ।

१३.मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन भएको दिनमा सहभागी स्वास्थ्यकर्मी र अन्यलाइ निम्न अनुसार भत्ता तथा यातायत खर्च उपलब्ध गराइने छ ।

क.) नगर प्रमुख,नगर उप-प्रमुख,सम्बन्धित वडाको वडा अध्क्षय, प्रमुख प्रशासकीय अधिकृत,स्वास्थ्य शाखा प्रमुख र मेयर हेल्थ फोकलपर्सन, शाखामा कार्यरत नर्सिङ स्टाफ अ.हे.व, लगायत अधिकृत स्तरका स्वास्थ्य कर्मीलाई रु १०००(रु एक हजारमा) मा कर कट्टी गरी रु ८५०- (रु आठ सय पचास मात्र) उपलब्ध गराइने छ।

ख.) मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन भएको दिनमा सहभागी डाक्टर लाई रु.१५००।— (रु पन्ध्र सय मात्र)मा करकट्टी गरी रु.१२७५।—(रु बार्ह सय पचहत्तर मात्र) उपलब्ध गराईने छ।

ग.) मेयर हेल्थ मेयर कार्यक्रम सञ्चालन भएको दिनमा सहभागी स्वास्थ्यकर्मी र अन्यलाई रु.७००। (रु.सात सय मात्र )मा करकट्टी गरी रु.५९५ (रु पाँच सय पन्चानब्बे मात्र) उपलब्ध गराईने छ ।

घ.) मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन हुने दिनमा आवश्यक साम्रागी ढुवानी गर्न इन्धन बढीमा बीस लिटर उपलब्ध गराइने छ ।

ङ.) मेयर हेल्थ केयर कार्यक्रमको सम्पुण जिम्मेवारी फोकल पर्सनमा निहित हुनेछ र मेयर हेल्थ केयर फोकल पर्सनले सम्पुण रेकर्डहरु फाईलिङगरी  सुरक्षित राख्नु पर्नेछ ।

च.) मेयर हेल्थ कार्याक्रम संचालन भएको दिन सहभागी कार्यलय सहयोगीलाई कर कट्टी सहित रु. २५५(रु. दुई सय पचपन्न रुपैंया मात्र) उपलब्ध गराईने छ।

छ)मेयर हेल्थ कार्यक्रमको सम्पुर्ण औषधी उपकरण खरिद गर्दा माग फारम, दाखिला प्रत्येक फाईलमा अलग अलग राखिने छ ।अर्को आर्थिक वर्ष ०८०/०८१ बाट अनिवार्य रुपमा जिन्सी व्यवस्थापन अनलाईन प्रणालीमा दाखिला गर्नुपर्ने छ।

ज) मेयर हेल्थ केयर कार्याक्रम संचालनको दिनमा आयुर्वेद शाखा, पशु सेवा शाखा, कृषि शाखा बाट दुई/दुई जनालाई सहभागी गराईने छ।

# परिच्छेद ४

# विविध

**६.सहकार्य तथा समन्वयनः** समितिले बिषयमा अन्तर स्थानीय  तहसँग समेत सहकार्य तथा समन्वयन गरी अध्यान गर्न गराउन सक्नेछ ।

**७.बाधा अड्काउ फुकाउः** यस कार्यविधिको प्रयोग वा कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा परेमा रास्कोट नगरपालिका  नगर  कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**८. गुनासो सुनवाई  सम्बन्धी व्यवस्था गरिने छ ।**

आज्ञाले

मितिः२०७९/०६/०३

जवानसिंह बम

प्रमुख प्रशासकीय अधिकृत